


राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



**सूचना**

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

**नेपाल सरकार**
**सञ्चार सूचना तथा प्रविधि मन्त्रालय**
*सूचना विभाग*


वर्ष-१२ ।। अङ्क : १४० ॥ २०७७ भाद्र २७ गते शनिबार (12th Sep. 2020,Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-

# युरिया मल नपाउँदाका अप्रिय घटना

*झापा (प्रस) । –युरिया मल नपाएको झोकमा अर्जुनधारा नगरपालिकामा रहेको कालिका बहुउद्देश्यीय सहकारी संस्थामा एकजना व्यक्तिले आगजनी गर्ने प्रयास गरे । सहकारीमा आगजनी प्रयास गर्ने अर्जुनधारा–९ का देवी पौडेललाई प्रहरीले पक्राउ गर्यो । सहकारी संस्थाले युरिया मल बाँड्ने कार्यक्रम थियो ।मल नपाएको झोँक देखाउँदै उत्तेजित भएका पौडेलले सहकारी संस्थाका ब्यवस्थापकको कोठामा पेट्रोल छर्किएर आगजनीको प्रयास गरेका थिए । पौडेलले मल लिनका लागि अघिल्लो दिन नै नाम टिपाएको तर सहकारीले मल लिन आउँदा आफ्नो नाम नभएको सुनाएपछि आक्रोसमा आएको बताएका छन् ।*

*–मल नपाएपछि गौरादहको आधा आकाश बचत तथा ऋण सहकारी संस्थामा किसानहरुले झण्डै कुटाकुट नै गरे । मल लिन भेला भएका करिव ७०० किसानलाई सहकारी संस्थाले १०–१० किलो मल दिन नसक्ने भएपछि उनीहरुले हुलदुंगा गरे । नसकेर सहकारीका सल्लाहकार हरिप्रसाद पाठकले मल विक्री बन्द गर्नु पर्यो । एक सातापछि थप ८३ बोरा मल थपेर उनले बल्ल प्रहरीको उपस्थितिमा विक्री गर्न सके ।*

*–गरामनीको नवआवाज कृषि सहकारी संस्थाले साल्ट ट्रेडिङ कर्पोरेसनबाट लगेको मल बाँड्न नसकी गोदाममा लगेर थन्क्यायो । ५० बोरा मल बाँड्न नसकेका सहकारी संस्थाका अध्यक्ष खेम पौडेलले आफ्नो सहकारीको भागको कोटा २७१ बोरा मल एकैचोटी लगेर जनप्रतिनिधिहरुको रोहबरमा मुश्किलले किसानहरुलाई पुर्याए।*


कलिका सहकारीको घटना

युरिया मलले हाहाकार भएका किसानमाझ अपर्याप्त मात्रामा मल आउँदा भएका घटनाका यी केही उदाहरण मात्र हुन् । रोपेको धान पहेलिन लाग्दा समेत मल नपाएका किसानहरु आक्रोशित हुनु स्वाभाविक नै हो । सरकारका प्रधानमन्त्री र कृषिमन्त्रीसमक्ष भनाइ राख्न नसकेका सर्वसाधारण किसानहरुले त्यसको झोक सहकारी संस्थाहरुमाथि पोखेका हुन् । घण्टौसम्म लाइन लागेर पनि ५–१० किलो मल नपाउँदाको अबस्थामा किसानहरु आक्रोशित देखिएका हुन् । साल्ट ट्रेडिङ कर्पोरेसनबाट मल लिएर गएका झापाका कुनै पनि डिलरले सहज ढंगले मल वितरण गर्न सकेका छैनन् । साल्ट ट्रेडिङ कर्पोरेसनका ६८ र कृषि सामग्री संस्थानका ११ वटा डिलरले साल्ट ट्रेडिङ कर्पोरेसनबाट मल लिएर विक्री गरेका छन् । ‘मलको लागि आफूले गाली नसुनेको दिन छैन’ साल्ट ट्रेडिङ कर्पोरेसन बिर्तामोडका प्रमुख देवराज भट्टराईले भने । सतरी प्रतिशत मलको जिम्मेवारी लिएको कृषि सामग्री संस्थानले धोका दिएपछि मलको समस्या आएको हो । तीस प्रतिशत मल विक्री गर्दै आएको साल्ट ट्रेडिङ कर्पोरेसनले सबै किसानलाई मल पुर्याउनु पर्दा समस्या आएको भट्टराईले बताए । मलको लागि नगर प्रमुखदेखि साँसदसम्मको फोन आएको उनले सुनाए ।

झापामा ४ हजार मेट्रिक टन अर्थात ८० हजार बोरा मल आबश्यक छ । त्यसमध्ये साल्ट ट्रेडिङ कर्पोरेसनले २५ सय मेट्रिक टन अर्थात ५० हजार बोरा मल मगाएको थियो । तर,अहिलेसम्म साल्ट ट्रेडिङ कर्पोरेसनमा ८ हजार ४६५ बोरा मात्र आइपुगेको छ । त्यसमध्ये बिहीबारसम्म ८ हजार ३८८ बोरा विक्री भएको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले झापालाई ८ हजार १८८ , इलामलाई ३५, पाँचथरलाई १६५ र ताप्लेजुङलाई ३५ बोरा मल दिएको देखिन्छ । मल पाउनेमा साल्ट ट्रेडिङ कर्पोरेसनका ६८ र कृषि सामग्री संस्थानका ११ वटा डिलर रहेका छन् । त्यस्तै कृषि ज्ञान केन्द्रको सिफारिसमा करिव २० वटा डिलरले १०–१० बोराको दरले मल लगेका छन् । कुनै सहकारी संस्थाले दुई पटक र कुनैले तीन पटक मल लिएर गएका छन् । एउटा सहकारी संस्थाको भागमा २७१ बोरा मल छुट्याइएको छ । सहकारी संस्थालाई कोटाको मल लिनका लागि साल्ट ट्रेडिङ कर्पोरेसनले असोज ४ गतेसम्म पालो बनाइदिएको छ । त्यही पालो अनुसार मल दिने गरेको बिर्तामोड प्रमुख भट्टराईले बताए । अहिलेसम्म ८ हजार ४६५ बोरा आएकोमा जम्मा १८ हजार ४३२ बोरा मल आउने उनले बताए । जुन मागको तुलनामा २३ प्रतिशत मात्र हो । जिल्लाका किसानहरुको माग ८० हजार बोरा रहेको छ । आबश्यकता अनुसारको मल किसानहरुले नपाउने भएका हुन् । केहीले भारतीय मल प्रयोग गरेका छन् भने धेरैको धानबाली मलको अभावमा बिग्रिन लागेको छ ।


शिवसताक्षीमा मल लिने किसानको भिड

# दमकमा १०६ बर्षका बृद्धमा संक्रमण


सांकेतिक तस्वीर

**दमक (प्रस) ।** झापाको दमकमा शुक्रबार १०६ बर्षीय एक बृद्धसहित थप ९ जनामा कोरोना संक्रमण देखिएको छ ।
शुक्रबार संक्रमण देखिएकामा ७ बर्षिय बालकदेखि १०६ बर्षका बृद्धसम्म रहेको दमक नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।
संक्रमित हुनेमा ३ पुरुष र ६ महिला छन् । थपिएकामा दमक २ की २६ बर्षिया एक महिला, दमक ७ की ५२ बर्षिया र २० बर्षिया दुई महिला रहेकी छन् । त्यसैगरी दमक ९ का ३१, ५० र ७४ बर्षका तीनजना महिला र ७, ७० र १०६ बर्षका तीनजना पुरुष रहेका छन् । संक्रमण देखिने वृद्ध भने दमक -९ का हुन् ।
यसअघि बिहीबार एक जना पुरुषमा संक्रमण देखिएको थियो । चार दिनअघि १०५ जनाको नमुना स्वाव संकलन गरी धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा पठाईएको थियो । परीक्षणका लागि पठाईएकामध्ये १० जनामा कोरोना पोजेटिभ देखिएको नगरपालिकाको स्वास्थ्य शाखाका अधिकृत नगेन्द्र भट्टराईले बताए । शुक्रबार नै संक्रमितहरुको सम्पर्कमा रहेका थप ९६ जनाको नमुना स्वाव संकलन गरी पिसिआर परीक्षणका लागि प्रतिष्ठानको प्रयोगशालामा पठाईएको उनले बताए । योसंगै दमकमा कोरोना संक्रमितको संख्या १२९ पुगेको जनाइएको छ भने उपचारपछि निको हुनेको संख्या ९८ जना रहेको छ । ३१ जना विभिन्न कोभिड अस्पताल र आइसोलेसनमा उपचाररत छन् ।
त्यस्तै बिर्तामोडका दुई स्वास्थ्यकर्मीमा संक्रमण देखिएको छ । संक्रमित हुने बिर्तामोडका स्वास्थ्यकर्मीहरु पूर्वाञ्चल क्यान्सर हस्पिटलको भएको जनाइएको छ। सो हस्पिटलका २३ वर्षिया एक महिला र ३२ वर्षिय अर्का पुरुष स्वास्थ्यकर्मीलाई कोरोना पोजिटिभ देखिएको हो । त्यसैगरी मेचीनगर नगरपालिकामा २ महिला र एक पुरुष गरी तीन जनालाई संक्रमण देखिएको छ । वडा नं १ र १० ती संक्रमितमध्ये दुईजना भारतबाट फर्केका र एकजना स्थानीय भएको जनाइएको छ । शुक्रबार १४ जना थपिएसँगै झापामा कोरोना संक्रमितको सँख्या ७३९ पुगेको छ ।

# विपी जयन्तीमा सडक मर्मत





**बैगुनधुरा (प्रस) ।** नेपाली कांग्रेस संस्थापक नेता बिपी कोइरालाको १०७ औं जन्मजयन्ती मनाउन सक्रिय छ । तीन दिन अर्थात भदौ २४ गतेदेखि विविध कार्यक्रम गरी मनाउन सुरु गरिएको कार्यक्रम अहिले पनि जारी छ । कोरोना संक्रमणका कारण सार्वजनिक सभा समारोह नगरे पनि कांग्रेसले थोरै संख्यामा भेला भएर वृक्षरोपण, विपीको सालिकमा माल्यार्पण र दीप प्रज्वलनका कार्यक्रम गर्‍यो । “जुम“ कार्यक्रमलाई प्राथमिकता र महत्व दिएको कांग्रेसका केही समितिले विगतका भन्दा नवीन कार्यक्रम गरेर विपी जन्मजयन्ती मनाएका छन् । यसैक्रममा नेपाली कांग्रेस बैगुनधुराले शुक्रबार भिन्न ढंगले बिपी जयन्ती मनाएको छ । हरेक वर्ष विचार गोष्ठी र वृक्षरोपण र अरु त्यस्तै परम्परागत शैलीका कार्यक्रम गर्ने बैगुनधुरा कांग्रेस सडक मर्मतसम्भार गरेर विपी जयन्ती मनाएको हो । ‘ समयमा मर्मत नहुँदा बैगुनधुरा-सोलमारी सडकमा आवागमन बन्द जस्तै थियो ’ कांग्रेस झापा जिल्ला सदस्य उत्तमबहादुर चौँलागाईंले भने,‘ केही रचनात्मक काम गरौँ भन्ने सोचले बाटो मर्मत गरेर बिपी जयन्ती मनाएका हौँ ।’ स्काभेटर प्रयोग गरेर सडकमा भएका खाल्डाखुल्डी पुर्ने र सम्याउने काम भएको उनले बताए । पाँच किलोमिटर सडक मर्मत गरेपछि सवारी सञ्चालनमा आएको भर्खरै कांग्रेस प्रवेश गरेका भुपेन्द्र ढुंगानाले जनाए । ‘सडकमा सवारी साधन पल्टिँदा त अनौठो हुँदैन, बालबालिका बाटोमा जमेको पानीमा डुबे भने त्यसको सन्देश नकारात्मक जान्छ’ उनले भने,‘ जिम्मेवार निकायले बाटो मर्मत नगरेपछि चन्दा संकलन गरेर मर्मत गरेका हौँ। ’ बाटो मर्मत गर्न प्रयोग गरिएको स्काभेटरको भाडा कांग्रेस कार्यकर्ताले चन्दा संकलन गरेर दिएका हुन् । सो बाटो निवर्तमान अर्थमन्त्री युवराज खतिवडाको घर जाने बाटो समेत हो ।
प्रधानमन्त्रीको गृहनगर दमकमा नचाहिने कामका लागि अर्बौं रकम विनियोजन गर्ने अर्थमन्त्री खतिवडाले आफ्नो गाउँघरको बाटो बनाउन रकम विनियोजन नगर्दा सडक जीर्ण भएको स्थानीय गोपाल भट्टराईको भनाइ छ । ‘बाटो बनाउन कसैले चासो नै दिएनन्’ भट्टराईले भने,‘ आवातजावतमा नै समस्या र अप्रिय दुर्घटना हुने सम्भावना बढेपछि सडक मर्मत गरिएको हो ।’ देशको विकास हुन गाउँको विकास हुनु पर्छ भन्ने विपीको चिन्तनलाई सार्थक बनाउने र विपी जयन्तीको सकारात्मक सन्देश प्रवाह गर्न सडक मर्मत गरिएको कांग्रेस कार्यकर्ताको भनाइ छ । कमल गाउँपालिकामा पर्ने सो सडकखण्डको खाल्डाखुल्डी पुर्ने काम भएको केदार कटुवालले बताए । सडक मर्मत कार्यमा कांग्रेस कार्यकर्ता स्वतः स्फुर्त रूपमा भेला भएर पानीका बावजुद श्रममा जुटेका थिए । यसले गाउँका कांग्रेस कार्यकर्तामा जागरण आएको संकेत गर्छ । साथै विपी जयन्ती मनाउने पुरानो शैलीमा परिवर्तन जरुरी भएको सन्देश गएको कांग्रेसजनको बुझाइ छ ।

# करेन्ट लगाएर माछा मार्दा शिक्षकको मृत्यु



**दमक (प्रस) ।** दमकको हिमालय माध्यमिक विद्यालयमा कार्यरत एक शिक्षकको करेन्ट लागेर मृत्यु भएको छ । शिवसताक्षी नगरपालिका ८ धरमपुर घर भएका ३५ वर्षिय महेन्द्रराज शेर्माको करेन्ट लगाएर माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो । घर छेऊमा रहेको पानीमा करेन्ट लगाएर माछा मार्ने क्रममा करेन्ट लागेर घाइते भएका शेर्मालाई उपचारका लागि दमकको लाइफलाइन हस्पिटल पुर्‍याउँदा दिउँसो ४.१० मा चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता राकेश थापाले बताए । उनी झण्डै ४ बर्षदेखि हिमालय माविमा कार्यरत थिए ।

# कित्ताकाट कार्यान्वयन गर्न मालपोत र नापीसंग माग

*झापा (प्रस)* । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले विगत तीन वर्षदेखि बन्देज लगाइएको घरजग्गा कित्ताकाट फुकुवा गरेपनि मालपोत तथा नापी कार्यालयले कित्ताकाट कार्यान्वयनमा आनाकानी गरेको भन्दै प्रपर्टी डिलर्स एशोसिएन अफ नेपालले ध्यानाकर्षण भएको जनाएको छ ।

प्रपर्टी डिलर्सका अध्यक्ष राजकुमार राईले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै मन्त्रालयको स्वागतयोग्य निर्णयप्रति विभागीय मन्त्रीलाई धन्यवाद दिनुका साथै मातहतका सम्बन्धित कार्यालयले कार्यान्वयन गर्न देखाएको आनाकानीप्रति एशोसिएसनको ध्यानाकर्षण भएको जनाएका छन् । तीनवर्ष अघि संविधानको धारा २५ को व्यवस्था विपरित तत्कालिन नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्री गोपाल दहितले एकल निर्णय गरी दशवटा कम्पनीका ११ व्यक्ति (सीमित) लाई मात्र कित्ताकाट गर्ने अनुमति दिइएपछि आम नेपाली जनता, किसान, जग्गाधनी, घरजग्गा व्यवसायी, बैंक तथा वित्तिय संस्थाहरु प्रताडित भएका थिए । अध्यक्ष राईद्वारा जारी विज्ञप्तिमा भनिएको छ-‘ संवैधानिक अधिकारको बेवास्ता गर्दै तत्कालिन मन्त्री दहितको उक्त निर्णयप्रति आपत्ति जनाउँदै तमाम जग्गाधनीहरु, किसान, घरजग्गा व्यवसायीहरु साथै सम्पूर्ण सरोकारवाला सचेत जनताको भेलाले वर्तमान नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्याललगायत, अर्थमन्त्री, प्रधानमन्त्री समेतलाई पटकपटक ध्यानाकर्षण गराई ज्ञापनपत्र समेत बुझाइएको थियो । हाल २०७७/०५/१९ गते भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा जारी जग्गा कित्ताकाट खोलिएको सम्बन्धको भूमि सुधार तथा मालपोत कार्यालयलाई पठाइएको पत्रको हामी घर जग्गा व्यवसायीहरु हार्दिक स्वागत गर्दछौं ।’

विज्ञप्तिमा अगाडि भनिएको छ-‘ भदौ १९ गतेको उक्त निर्णयले व्यवसायी, किसान, बैंक तथा सरोकारवाला सबैलाई राहतको महसुस भएपनि मन्त्रालयको निर्णयअनुसार कित्ताकाट गर्न मालपोत तथा नापी कार्यालय पुगेका व्यवसायी त्यत्तिकै फर्कनु परेको घटनाले व्यवसायीलाई चोट पुर्याएको छ । मन्त्रालयले गरेको निर्णय कार्यान्वयनमा मातहतकै निकायले आनाकानी गरेको घटनाप्रति प्रपर्टी डिलर्स एशोसिएसन अफ नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।’

मन्त्रालयले कित्ताकाट खोलिएको निर्णय गरेपनि मालपोत र नापी कार्यालयले कित्ताकाट गर्न आनाकानी गरेकाले मन्त्रालयको निर्णय मातहतका कार्यालयले तत्काल कार्यान्वयनमा ल्याउन माग गर्दै कार्यान्वयन नभए आफूहरु चरणवद्ध आन्दोलनमा होमिन बाध्य हुने अध्यक्ष राईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । जग्गा कित्ताकाट खुल्ला गरेसंगै कित्ताकाटका लागि विभिन्न जिल्लाका सम्बन्धित मालपोत तथा नापी कार्यालयमा पुगेका व्यवसायीहरु त्यत्तिकै फर्कनु परेको उनले बताए । नेपालका ४१ वटा जिल्लामा सञ्जाल रहेको प्रपर्टी डिलर्स एशोसिएसनबा प्रतिनिधिहरु कित्ताकाटका लागि सुनसरी, रुपन्देही, कास्की लगायत देशभरका विभिन्न मालपोत तथा नापी कार्यालयमा पुगेपनि कर्मचारीको आनाकानीले कामै नगरी फर्किएको अध्यक्ष राईले बताए ।

एशोसिएनका जिल्ला सदस्य डिल्लीरमण शिवाकोटीले घरजग्गा व्यवसायभित्र भएका विसंगतिलाई न्यूनीकरण गर्दै राज्यलाई पनि कर तिर्ने पद्धतिको विकास गर्ने उद्देश्यले प्रपर्टी डिलर्स एशोसिएनको स्थापना भएपनि सरकारी बेवास्ताका कारण व्यवसायीले समस्या भेल्नु परेको बताए ।

# शिक्षा मन्त्रालयले विद्यार्थीलाई निःशुल्क इन्टरनेट उपलब्ध गराउने !

*झापा (प्रस)* । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ सहजीकरणका लागि विद्यार्थी र विद्यालयलाई आगामी असोजबाट निःशुल्क इन्टरनेट उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । मन्त्रीस्तरीय निर्णयबाट १९ भदौमा पारित विद्यार्थी सिकाइ सहजीकरण निर्देशिकामा शिक्षा मन्त्रालयले निःशुल्क इन्टरनेट दिनुपर्ने उल्लेख छ ।

‘नेपाल टेलिकम लगायत इन्टरनेट सेवा प्रदायक संस्थाबाट शैक्षिक प्रयोजनका लागि मात्र हुने गरी निःशुल्क वा सहुलियत शुल्कमा डाटा प्याकेज प्राप्त गरी विद्यालय र विद्यार्थीलाई निःशुल्क उपलब्ध गराउने’ निर्देशिकामा मन्त्रालयको भूमिकाबारे स्पष्ट लेखिएको छ ।




यो निर्देशिका १ असोजबाट अनिवार्य कार्यान्वयनका लागि शिक्षा मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहका निकाय र सरोकारवालालाई निर्देशन दिइसकेको छ । मन्त्रालयद्वारा जारी निर्देशिका कार्यान्वयनसम्बन्धी सूचनामा राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू हासिल गर्न र विद्यालय उमेरका बालबालिकालाई आफ्नो उमेर अनुकुल सिक्ने वातावरण सिर्जना गर्नका लागि तिनै तहका सरकारले निर्देशिका कार्यान्वयन गर्नुपर्ने भनिएको छ ।

विद्यालय र विद्यार्थीहरूले इन्टरनेट महँगो भएर अनलाइन कक्षा प्रभावित भएको गुनासो गरेपछि मन्त्रालयले निःशुल्क इन्टरनेटको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको हो । काठमाडौं, डिल्लीबजार स्थित विजय स्मारक माध्यमिक विद्यालयका प्रधानाध्यापक डिल्लीप्रसाद शर्मा डाटा किनेर अनलाइन कक्षा सञ्चालन गर्दा दुई कक्षाका लागि २ सय रुपैयाँसम्म खर्च हुने गरेको बताउँछन् । उनी भन्छन्, ‘हाम्रा विद्यार्थीका अभिभावकमध्ये धेरैका लागि यो रकम क्षमताभन्दा बाहिरको कुरा हो ।’

अभिभावक संघ नेपालका अध्यक्ष केशव पुरी भने सरकारले निःशुल्क इन्टरनेट उपलब्ध गराउने व्यवस्था कार्यान्वयन हुनेमा आशंका व्यक्त गर्छन् । सुरुमा आफैंले निःशुल्क भनेको अनलाइन कक्षालाई यही निर्देशिकामार्फत सशुल्क बनाउनुले पनि सरकारको भनाइ र गराइमा भिन्नता देखिएको उनको भनाइ छ । ‘आफैंले बनाएको निर्देशिकाअनुसार मन्त्रालयले १ असोजदेखि निःशुल्क इन्टरनेट दिन्छ की दिँदैन हेर्छौं,’ अध्यक्ष पुरी भन्छन्, ‘यदि दिएन भने यो निर्देशिका कागजको खोस्टो मात्रै रहेछ भनेर बुझ्छौं ।’

# व्यवसायीले भने–असोज १ देखि गाडी चलाउँछौं



*झापा (प्रस)* । यातायात व्यवसायी र मजदुर संगठनले आगामी असोज १ देखि लामो दूरीका गाडी चलाउन लागेको जानकारी सरकारलाई गराएका छन् । शुक्रबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री बसन्त नेम्वाङलाई भेटेर यस्तो जानकारी गराएका हुन् । सरकारले भदौ ३२ गतेसम्म अन्तर जिल्ला यातायात सञ्चालनमा रोक लगाएको छ । ६ महिनादेखि गाडी बन्द गरेर राख्दा पनि सरकारले वास्ता नगरेको र अब गाडी थन्क्याएर राख्न नसक्ने जानकारी मन्त्री नेम्वाङलाई गराएका छन् । व्यवसायीले असोज १ गतेबाट अन्तर जिल्ला यातायात खुला गर्न, उपत्यकामा १६ सिटभन्दा कम क्षमताका सवारी पनि चलाउन गर्न, सवारीको आयु तोकेर दर्ता तथा नविकरण रोक्ने निर्णय खारेज गर्न पनि माग गरेका छन् । अहिलेसम्म सरकारको निर्णय मान्दै आएको तर यतिका दिनसम्म पनि सरकारले आफूहरुलाई वास्ता नगरेकाले अब त्यसै बस्न नसक्ने यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष योगेन्द्र कर्माचार्यले बताए ।

# ‘सुपर जेनेरल’का सामान बिर्तामोडमा

*बिर्तामोड (प्रस)* । दुबईको प्रसिद्ध ब्राण्ड ‘सुपर जेनेरल’का सामानहरू अब झापाको बिर्तामोडमा नै पाइने भएको छ । नेपालका लागि आधिकारिक बितरक गोल्छा अर्गनाइजेशन अन्तर्गत भुदेब ट्रेडिंगले नेपाली बजारमा भित्र्याएको सो ब्राण्डका सामानहरूको बिक्री झापाको बिर्तामोडमा रहेको एसजी इलेक्ट्रोनिक्सले शुरु गरेको हो ।

विर्तामोडका व्यवसायी लक्ष्मण शिवाकोटी , गरामनीका व्यवसायी कुमारप्रसाद सिटौला , बुट्टावारीका व्यवसायी नितेश गौतमले एक करोड रुपैयाँको लगानीमा शनिश्चरे रोडमा सञ्चालनमा ल्याएको एसजी इलेक्ट्रोनिक्सले शुक्रबारबाट दुबईको प्रसिद्ध ब्राण्ड ‘सुपर जेनेरल’का सामानहरूको बिक्री शुरु गरेको हो ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई , बरिष्ठ उपाध्यक्ष प्रकाश शिवाकोटी , सचिव रविन भट्टराई लगायतले एसजी इलेक्ट्रोनिक्सको उद्घाटन गरेका थिए । कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले अन्तरर्ाष्ट्रिय ब्राण्ड ‘सुपर जेनेरल’ का सामानहरु बिर्तामोडको एसजी इलेक्ट्रोनिक्समा उपलब्ध हुनु खुशीको कुरा भएको बताए ।

संसारभरि ५० देशहरूमा फैलिएको, ‘सुपर जेनेरलका सामान दुबई मुख्य कार्यालय रही रहेको ‘सुपर जेनेरल’ मिडल इस्टकै सुप्रसिद्ध ब्राण्ड भएकोले ग्राहकको माग बमोजिम ‘सुपर जेनेरल’का सामानहरूको बिक्री शुरु गरेको एसजी इलेक्ट्रोनिक्सका सञ्चालक कुमारप्रसाद सिटौलाले बताए । हरेक सामानमा फ्युज सिष्टम लगायत बिशेष प्रबिधी रहेको हुनाले यसका सामानहरू उत्कृष्ट रहेको उनले बताए । ग्राहकहरुका लागि लक्की ड्र सञ्चालन गरी उपहार समेत प्रदान गरिने उनले वताए ।

‘सुपर जेनेरल’ ब्राण्डका वासिंग मेसिन, एसी, ग्यास गिजर, कविंग रेञ्ज, वाटर डिस्पेन्सर, माईक्रोवेभ ओभन, एअर कटेन, लगायतका सामानहरु ग्राहकहरुले सर्बाधिक रुचाउनुका साथै ती सामानहरुमा १ बर्षदेखि १० बर्षसम्मको वारेन्टी रहेको एसजी इलेक्ट्रोनिक्सका सञ्चालक नितेश गौतमले बताए । उद्घाटनका अवसरमा हरेक सामानमा पाँचदेखि १५ प्रतिशत छुटको व्यवस्था गरेको र यो अवधि पाँच दिनसम्म रहने उनले जनाए ।


# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



# पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
## शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


# इटहरीमा सय बेडको आइसोलेसन बन्ने



*इटहरी (प्रस)* । इटहरीमा सात दिनभित्र सय बेडको आइसोलेसन निर्माण गरिने भएको छ । इटहरी रंगशालामा निर्मित खेल भवनहरुलाई आइसोलेसन बनाइन लागिएको हो । आइसोलेसनका लागि अहिले भवनसम्म पुग्ने बाटो पुर्ने, बिजुली, पानी लगायतको व्यवस्थापनका कामहरु भइरहेको व्यवस्थापन उपसमिति संयोजक भूपेन्द्र बरालले जानकारी दिए । इटहरीमा केही समयअघि क्वारेन्टाइनको व्यवस्थापन गरिए पनि आइसोलेसन भने व्यवस्थापन गरिएको थिएन । कोभिड १९ को महामारी बढ्दै गएपछि इटहरीले पनि छुट्टै आफ्नै आइसोलेसन बनाउन लागेको हो ।


## बिर्तामोड नगरपालिकाको
# अत्यन्त जरुरी सूचना !

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्य विकास शाखा मार्फत् पशु नश्ल सुधार (कृतिम गर्भाधान) कार्यक्रम गाई, भैंसी र बाख्रामा ५०% छुट अनुदानमा कार्यक्रम सञ्चालन भइरहेको हुँदा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहने आम पशुपालक कृषकहरुको जानकारीका लागि यो सूचना सम्प्रेषण गरिएको छ । कृतिम गर्भाधान सेवा नगरपालिकाको १० वटै वडामा सञ्चालन भइरहेको हुँदा कार्यालयको सम्पर्क नं. ०२३-५४६६७३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध छ ।

बिर्तामोड नगरपालिका, झापा



## बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बिर्तामोड झापा

# करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/२६

आ.व. ०७७/०७८ का लागि बिर्तामोड नगरपालिकामा ५ वेडको कोभिड अस्पताल सञ्चालनका लागि तपशिल बमोजिमका कर्मचारी करारमा राख्नु पर्ने भएकाले प्रचलित कानुन अनुसार योग्य नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तोकिएको राजवश्व तिरेको रसिद सहित आवेदन फारमको ढाँचामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जनकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारवाही हुने छैन । अनुभवीलाई प्राथमिकता दिइने छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | पारिश्रमिक | नियुक्तिको किसिम | दरखास्त दस्तुर | योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७७/०७८ | मे.अ. | १ | नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक र जोखिम भत्ता | करार | रु. १०००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS कोर्ष उत्तिर्ण भई NMC मा दर्ता भएको हुनुपर्ने |
| २ | २/०७७/०७८ | स्टाफ नर्स | २ | नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक र जोखिम भत्ता | करार | रु ५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL Nursing कोर्ष उत्तिर्ण भई NMC मा दर्ता भएको हुनुपर्ने |
| ३ | ३/०७७/७८ | कार्यालय सहयोगी | १ | नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक र जोखिम भत्ता | करार | रु ३००/- | साक्षर |

१. आवेदन फाराम बिर्तामोड नगरपालिकाको कार्यालयमा प्राप्त गर्न सकिने छ ।
२. दरखास्त दिने अन्तिम मिति २०७७/०६/०२
३. आवेदन बुझाउने स्थानः बिर्तामोड नगरपालिकाको कार्यालय
४. परीक्षाको किसिमः अन्तरर्वाता
५. परीक्षा हुने मितिः दरखास्त समाप्त हुने मितिको भोलिपल्ट ( मितिः २०७७/०६/०३) तोकिनेछ ।

**दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु :**
-नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
-आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
-सेवा सम्बन्धी तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपि



# हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

**सफलतापूर्वक उपचार हुने समस्याहरू**



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

### कोरोना परीक्षण सर्वसुलभ कहिले ?

**सिंगो देश कोरोना भाइरस महामारीले आक्रान्त भएका बेला सरकारले एन्टीबडी चेकअपलाई सर्वसुलभ गर्ने जानकारी दिएको छ । त्यस सार्वजनिक सूचनाले मानिसलाई आशा र आशंकाको दुविधामा पुर्‍याएको छ । सबै मानिस आफू संक्रमित भए/नभएको थाहा पाउन आतुर छन् र अर्को कुरा मानिसमा एन्टीबडी चेकअपबारे राम्रोसँग जानकारी नै छैन । त्यसैले, यसका बारेमा विषय विशेषज्ञमार्फत राम्रो गरी आम जनतालाई जानकारी गराउनु जरुरी छ । निषेधाज्ञा जारी गरेर सबैलाई घरमै बस्न भनिएका बेलाको संक्रमित छ र छैन भनी थाहा पाउनका लागि एन्टीबडी परीक्षणले सहयोग गर्न सक्छ । एन्टीबडी परीक्षण कोरोना भाइरसको सक्रिय संक्रमण पत्ता लगाउनका लागि होइन, तथापि रगतको नमूनामार्फत शरीरको रोग प्रतिरोधात्मक क्षमता छ कि छैन भनी थाहा पाउन भने सहयोग गर्छ । वास्तवमा एन्टीबडी भनेको शरीरमा रहेको रोग प्रतिरोधात्मक प्रोटिनको जाँच मात्र हो । यसले मानिस कोरोना भाइरस प्रतिरोध गर्न सक्ने अवस्थामा छ कि छैन भनी सम्भावित संक्रमणको पूर्वानुमान गराउन सक्छ । यसले जोखिमयुक्त मानवबस्ती र कम जोखिमयुक्त मानवबस्तीको पहिचान गराउन पनि मद्दत गर्छ ।**

**स्वास्थ्य विज्ञानअनुसार भाइरससँगको सम्पर्कमा आएका मानिसको शरीरमा एन्टीबडी देखिनुको अर्थ उक्त संक्रमितले संक्रमणविरुद्ध लड्ने क्षमता विकास गरिसकेको छ भन्ने सकारात्मक संकेत हो । नेपालमा सरकारले एन्टीबडी परीक्षण गरिने बताएपछि आम मानिसमा यो पीसीआर परीक्षणको अर्को रूप हो कि भनी स्वाब संकलन र रोग पत्ता लाग्ने अर्थमा चर्चा गर्न थालेका छन् । यो भ्रमबाट जनतालाई समयमै मुक्त गराउनु जरुरी छ । यदि यो भ्रम रह्यो भने मानिसमा आफूलाई कहिल्यै पनि कोरोनाले छुन नसक्ने वा केही कम एन्टीबडी देखियो भने तत्कालै कोरोनाले छोएर मरिहाल्ने भ्रम सिर्जना हुन सक्छ ।**

# सरकार ! भोकै नमार !



❖दिलीप प्रकाश कार्की

कोरोना नियन्त्रणका लागि देश बन्दाबन्दीमा छ । संक्रमितहरूको ग्राफ दिनहुँ उकालो लागिरहेको छ । संक्रमणबाट मृत्यु हुनेको संख्या पनि बढ्दो छ । संक्रमण कहिलेसम्म नियन्त्रणमा आउँला भन्ने केही ठेगान छैन । सार्वजिनक यातायातका साधनमा खिया लागिसके । दैनिक ज्याला मजदुरी गर्नेहरू घरको भाडा तिर्न नसकेर सडकमा पुगेका छन् । प्रहरीले तिनलाई सडकमा पनि बस्न दिँदैन । भोकले मानिसहरूको धैर्यको बाँध टुट्न थालिसक्यो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले लकडाउन जारी हुनुअघिका प्रायः सम्बोधनमा भनेका थिए, 'म नेपालको प्रधानमन्त्री रहुन्जेल कोही पनि नेपाली भोकै मर्दैनन् । कोही नेपालीले त्यस्तो समस्या भोग्नुपरेको छ भने तत्काल सरकारलाई सूचना दिनूस् ।' देशको प्रधानमन्त्री ओली नै रहेका बेला कीर्तिपुरको सडकमा हातमा भारी बोक्ने डोरीसहित सूर्यबहादुर तामाङको शव फेला पर्‍यो । चार दिनसम्म पनि चुलो नबलेपछि पाँचौं दिन थेग्न नसकिने बुझेर खानाको खोजीमा निस्किएका सप्तरीका मलर सदा कहिल्यै नउठ्ने गरी ढले । छ दिनदेखि भोकै रहेका धनुषाका विरेन्द्र यादवले सीमानाकामा अन्तिम सास फेरे । के यो सूचना प्रधानमन्त्री ओलीले पाएका छैनन् ? यसरी दिनहुँ भोकले कहिल्यै नउठ्ने गरी ढलेकासँगै सरकारप्रतिको जनताको विश्वास पनि ढलिरहेको छ ।

कुनै समय सर्वहारा वर्गको उत्थान र गरिब जनताको भोक मेटाउने नारा लगाएर कुर्लिएको थलो रत्नपार्कमा अहिले भोकाएकाहरु जम्मा हुने गरेका छन् । त्यो बेला सर्वहाराका लागि भाषण गर्नेहरू अहिले सत्तामा छन् भने थपडी बजाउनेहरू तिनका कृपापात्र भएका छन् । तर, हिजो ती भाषणभन्दा पनि भोक मेटाउन पसिना चुहाउनेहरु अहिले रत्नपार्कमा भोकले जम्मा भइरहेका छन् । एक छाक खानाको लागि दैनिक सात सय जनाको हाराहारीमा असहाय र दैनिक ज्याला मजदुरी गर्नेहरु रत्नपार्कमा लाम लागिरहेका छन् ।

उनीहरुको भोक मेटाउन केही युवाको एउटा समूह 'हाम्रो टिम नेपाल' खटिएको छ । तर, सरकारले भने ती भोकाएकाहरुलाई नै गिज्याउने गरी सर्प पालनका लागि 'झलनाथ खनाल प्रतिष्ठान' लाई ७२ करोड दिएको समाचार प्रकाशमा आयो । प्राथमिकता अहिले सर्पपालन हो कि मानिसको ज्यान जोगाउने भन्ने प्रश्न उठेको छ । यही बीचमा कर असुली गर्न बन्दाबन्दी अन्त्य भएको घोषणा गर्‍यो र फेरि निषेधाज्ञाकै बीचमा राष्ट्र बैंकले राजस्व संकलन गर्ने सम्पूर्ण बैंक शाखा खोल्न निर्देशन दियो ।

मानिसहरूले एक छाक खान पाएका छैनन् । वर्षातको बेला टाउको लुकाउने ओत पाएका छैनन् । अनि राजस्व के गरी कसले कसरी बुझाउने ? जनताप्रति उत्तरदायी भनिएको सरकारले यस विषयमा थोरै भए पनि संकोच मान्नुपर्ने । जनतालाई महामारीमा सहायता प्याकेज ल्याउने आशा गरिएका प्रधानमन्त्रीका सम्बोधनमा उधारा गफबाहेक केही हुँदैनन् ।

कोरोना महामारी सुरु भएपछि भारतकी चर्चित लेखिका अरुन्धती रोयले लेखेकी थिइन् - 'यो संकट आफैँमा नयाँ दुनियाँमा प्रवेश गर्ने द्वार बन्न सक्छ ।' उनले भनेजस्तै साँच्चै यो समय नयाँ रूपान्तरणका लागि मार्ग बन्न सक्थो । स्वास्थ्य संस्था स्थापना गर्ने विषयमा, चिकित्सकको सुरक्षाका विषयमा, दैनिक ज्यालादारी गर्ने मजदुर, किसान र गरिबहरुको विषयमा । तर, समयलाई सदुपयोग नगर्दा उनले पछि भनेजस्तै नेपाललाई ' नर्मल' अवस्थामा फर्किन पनि त्रासदीपूर्ण बन्ने अवस्था सिर्जना भएको छ । दलाल पुँजीवादले देश सिध्यायो भन्दै सरकारको विरोध गरेपछि 'उपहार'मा पाएको कृषिमन्त्रालय सम्हाल्दै आएका घनश्याम भुसालले संसद्मा उभिएर भनेका थिए, 'कृषिका बारे प्रष्ट हौँ हामी सबै । यो नेपाली जातले अघाउन्जी खानेछ । तीन छाक खानेछ । बच्चाबच्चीले त पाँच छाक खानेछन् । फलफूल खानेछन् । दुध खानेछन् । मासु खानेछन् । मज्जाले सुत्नेछन् । भोकले उठ्ने छैनन् । निद्राले उठ् नेछन् छोराछोरीहरु ।'



**परिश्रम गरेर हात मुख जोर्नेहरुलाई भने पसिना बगाउनसमेत नपाउँदा संविधानको यी धाराले कहाँ छोएको छ भनेर सरकारलाई अहिले जनताले प्रश्न गरिरहेका छन् ।**

उनले यसो भनिरहँदा भोकले सुत्न नपाएकाहरु दिनहुँ बढ्दै गएका छन् भने भोकले सधैंका लागि सुत्नेहरु पनि बढ्दै जान थालेका छन् । मंगलबार दिउँसो झमझम पानी परिरहेको थियो । एक पेट पाल्न समस्या भएकाहरुलाई पानीको पर्वाह थिएन । भोको पेटले सायद भिजेको महसुस गरेन होला । भिज्दै भए पनि उनीहरु खाना खाने लाममा बसिरहेका थिए रत्नपार्कमा । उनीहरुको खाना जोहो गर्न सरकारले अहिलेसम्म कुनै ठोस योजना ल्याएको छैन ।

नौ महिनाअघि सुरु भएको कोरोना संक्रमणले विश्वमा पुगनपुग नौ लाख जति मानिसको मृत्यु भइसकेको छ । नेपालमा पनि बन्दाबन्दी र निषेधाज्ञाको पाँच महिना बितिसक्यो । संक्रमण दर बढ्दो छ । अझै कर्फ्यु लगाउने विषयमा छलफल भइरहेको छ । सरकारले यस पाँच महिनाको अवधिमा के गर्‍यो र त्यो कति प्रभावकारी भयो भन्ने विषयमा समीक्षा गर्न आवश्यक छ । अझै सरकारले मानिसहरुलाई काम गर्न नदिने हो भने रोगले भन्दा पनि भोकले मर्नेको संख्या निकै बढ्नेछ ।

सन् २०१५ मा पहिलो पटक प्रधानमन्त्री बन्दा प्रधानमन्त्री केपी ओलीको एक महिनाको खाना र मनोरञ्जन खर्च १२ लाख भएको तथ्यांक सार्वजनिक गरिएको थियो । मितव्ययी बन्छु भन्ने प्रधानमन्त्रीले एक महिनामा १२ लाख रुपैयाँको खाना र चिया खर्च गर्छन् । तर, जनता एक छाक १०० रुपैयाँको खाना खानसक्ने हैसियतमा नहुँदा पनि उनले बेवास्ता गरेको देखिन्छ ।

संयुक्त राष्ट्रसंघअन्तर्गतको विश्व खाद्य कार्यक्रमले जुलाईमा सार्वजनिक गरेको अध्ययन प्रतिवेदनअनुसार एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा भोकमरीबाट दैनिक १२ हजार मानिसको मृत्यु हुने आंकलन गरिएको थियो । यो प्रतिवेदन सार्वजनिक हुँदा विश्वभर कोरोना संक्रमणबाट मृत्यु हुनेमो संख्या दैनिक संख्या १० हजारको हाराहारीमा थियो । हाल विश्वभर दैनिक कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या पाँच हजार रहेको छ । तर, कोरोना संक्रमणबाट भन्दा पनि भोकले मृत्यु हुनेको संख्या दोब्बरभन्दा बढी हुने छ ।

नेपालले सन् २०३० सम्म भोकमरी अन्त्य गर्ने लक्ष्य लिएको छ । तर, कोभिड-१९ सुरु हुनुअघि सम्म पनि नेपालमा ८ प्रतिशत अर्थात करिब २४ लाख मानिसहरुले पोषणयुक्त खाना पाएका छैनन् । त्यसैगरी करिब ३६ प्रतिशत बालबालिकाले पर्याप्त भोजन पाएका छैनन् भने १८ प्रतिशत महिलाहरुले पोसिलो खाना पाएका छैनन् । यो दर कोभिड-१९ पछि निकै बढ्नसक्छ ।

नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । त्यसमा लेखिएको छ, '(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।'

परिश्रम गरेर हात मुख जोर्नेहरुलाई भने पसिना बगाउनसमेत नपाउँदा संविधानको यी धाराले कहाँ छोएको छ भनेर सरकारलाई अहिले जनताले प्रश्न गरिरहेका छन् । कोरोना भाइरसको महामारी सधैं नरहला तर, यस महामारीले पारेका डोबहरु समयमै पुर्न सकिएन भने ती ठूला खाडल बन्न सक्छन् । थिति बदल्ने राजनीतिको नाममा सत्ताको धुरी चढेकाहरुको ठाँटबाँट, संविधानको धारामा भोको नराख्ने र भाषणमा भोकमरी अन्त्य भएको घोषणामा कहीँ पनि सामञ्जस्य पाइँदैन । समानताका लागि लडेकाहरूले नै सिर्जना गरेको यो असमाञ्जस्यलाई तत्काल सम्बोधन गर्नुपर्छ । तीन तहमा सरकार हुँदा पनि नागरिक भोकले मर्छन् भने त्यो जति कहालीलाग्दो अवस्था अरू के हुन सक्छ ?

त्यसकारण अब कोही पनि भोकले मर्न नदिन सरकार गम्भीर हुनुपर्छ । मानिसहरुलाई घरभित्रै थुन्ने मात्र महामारी नियन्त्रण हुँदैन भन्ने पाँच महिनाको बन्दाबन्दीले देखाइसकेको छ । स्वास्थ्य मापदण्ड पालना गरेर गरिखानेहरूलाई काम गर्नबाट रोक्नु हुँदैन ।

# सिमसार क्षेत्र संरक्षणको सन्दर्भ

❖ सुदर्शन अधिकारी

वातावरण संरक्षण र जलचर प्राणीको वासस्थानका लागि सिमसार महत्वपूर्ण क्षेत्र हो । हाम्रो दशको कुल क्षेत्रफलको ६ प्रतिशत सिमसार क्षेत्रले ओगटेको तथ्याङ्कले देखाउँछ । वातावरणीय संरक्षणका लागि मात्र नभई २१ थरी आदिवासी जनजाति समुदाय जीवनयापनका लागि यही सिमसार क्षेत्रमा भर पर्दै आएका छन् ।

पारिस्थितिकीय प्रणालीका सेवाहरू उपलब्ध गराउनुमा सिमसारको भूमिका महत्वपूर्ण मानिन्छ । जीवजन्तु तथा मानवका लागि ज्यादै प्रभाव पार्ने सिमसारको संरक्षण, बुद्धिमतापूर्ण उपयोग र व्यवस्थापनका लागि निर्दिष्ट कानुन अझै बन्न सकेको छैन । सिमसार क्षेत्रको संरक्षणका लागि बनेको राष्ट्रिय निकुन्ज सात वर्ष पुरानो हो, तर त्यसलाई संघीय नेपालको संरचनामा लैजाने काम भने सिमसार क्षेत्रको अध्ययन र अनुसन्धानमा लागेका विज्ञहरूको जैविक विविधता र जलवायु परिवर्तनका कारण अझै हुन भने सकेको छैन । जोखिमलाई न्यूनीकरण गर्न र अनुकूल बनाउन सिमसारले गर्ने योगदानका बारेमा उनीहरू प्रफुल्लित छन् ।

वर्तमान संघीय संरचनामा सिमसार संघीय नेपालको सबैभन्दा हेपिएको क्षेत्रका रूपमा देखिएको छ । सिमसार क्षेत्रको सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमा प्राकृतिक अथवा कृत्रिम रूपले सिर्जना भई स्थायी वा अस्थायी रूपमा पानीले ढाकेको, पानी बग्ने वा झरनाका रूपमा खसेर बनेको दलदल, धाप, जरुवा क्षेत्र, नुनिलो तथा क्षारयुक्त पानी रहेको ठाउँ अथवा भूभागलाई सिमसार क्षेत्र भन्ने गरिएको छ । त्यसैगरी राष्ट्रिय सिमसार नीति, २०६९ मा पानी जमेको वा बगेको स्थायी वा अस्थायी प्राकृतिक वा कृत्रिम रूपमा बनेको दलदल क्षेत्र नै सिमसार भनेर परिभाषित गरिएको छ । हाम्रो जैविक विविधता, रणनीति तथा कार्ययोजना सन् २०१४ अनुसार खेतीयोग्य जमिन विस्तारका कारण सिमसार क्षेत्र ५.४१ प्रतिशत जमिनले घेरिएको छ । यस क्षेत्रको संरक्षणमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थागत तथा नीतिगत अस्पष्टता, व्यवस्थापनमा जिम्मेवारी अभाव, अपर्याप्त प्राविधिक संस्थागत तथा वित्तीय क्षमताका कारण यो क्षेत्र घट्दै गएको तथ्यलाई उक्त कार्ययोजनामा उल्लेख गरिएको छ ।

सिमसार क्षेत्र घट्नुका अन्य कारणमा जनसंख्या दृष्टि र यसले प्राकृतिक संसाधनको उपयोगमा पारेको नकारात्मक प्रभावका कारण पनि सिमसार क्षेत्र प्रभावित भएको देखिन्छ । यसको संरक्षणका अन्य चुनौतीहरूमा कृषि एवं बस्ती विस्तार, भौतिक पूर्वाधार निर्माण, सिँचाइका लागि पानीको उपयोग, प्रदूषण, मिचाहा प्रजातिका वनस्पतिको आक्रमण, क्षमताभन्दा बढी प्राकृतिक संसाधनको दोहन, व्यावसायिक मत्स्यपालन तथा कृषि र सहरी पूर्वाधारको निर्माणका लागि जमिनको उपयोगमा भयको परिवर्तनले यो क्षेत्रलाई नराम्ररी प्रभाव पारेको विभिन्न अध्ययनले देखाएको छ । इन्धन, खाद्यान्न, आमोदप्रमोद, परम्परागत औषधि, आवतजावत तथा मत्स्यपालनलगायतका क्रियाकलापका लागि ग्रामीण क्षेत्रको ८५ प्रतिशत जनसंख्या यही सिमसारमा भर पर्ने गरेको देखिन्छ ।

कुल १ सय २५ जातजातिमध्ये २१ आादिवासी जनजाति समुदाय पूर्णरूपमा सिमसार क्षेत्रमा क्षेत्रमा आश्रित रहेको र यी जनसमुदायको जनसंख्या कुल जनसंख्याको १७ प्रतिशत रहेको तथ्य अनुसन्धानले देखाएको पाइन्छ । यति मात्र नभई यो क्षेत्र खाद्यान्नको बास्केट र आयआर्जनको प्रमुख माध्यमका रूपमा रहेको छ । विशेष गरी माझी, जलाहारी, झागड, थारु, मल्लाहजस्ता जाति सिमसार क्षेत्रमा निर्भर रहेका छन् । त्यसैगरी जैविक विविधताका हिसाबले पनि संकटापन्न अवस्थामा रहेका वनस्पति तथा जीवहरू यसै क्षेत्रमा बास गर्छन् भने बसाइँसराइ गर्ने चराहरूका लागि सिमसारक्षेत्र महत्वपूर्ण मानिन्छ । सिमसार क्षेत्र घोषणा र व्यवस्थापन मार्गदर्शन, २०७५ ले संकटापन्न २७ प्रतिशत चरा र ८५ प्रतिशत वनस्पतिका प्रजातिहरू सिमसार क्षेत्रमा पाइन्छन् । विश्वको कुल भूभागको ०.१ प्रतिशत ओगटेको नेपाल जैविक विविधताका हिसाबले २५ औं स्थानमा रहेको छ ।

वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कअनुसार विश्वमा पाइने कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत नेपालमा पाइन्छन् । जीवनयापन र जैविक विविधतामा बाहेक नेपालमा सबै धर्म र संस्कृतिमा सिमसार क्षेत्रको अत्यन्तै महत्व रहेको छ । पोखरी, ताल, नदीकिनार विभिन्न चाडबाड तथा धार्मिक कार्यहरूमा पवित्र मानिन्छन् । मिथिला सस्ंकृतिअनुसार मानिने ६७ पर्व यसको अनुपम उदाहरण मान्न सकिन्छ, जसअन्तर्गत नदी, ताल तथा पोखरीको किनारमा बसेर व्रतालुहरूले सूर्यलाई अर्घ्य दिने गर्छन् । सिमसार क्षेत्रको व्यवस्थापन, संरक्षण र नियमनका लागि छुट्टै निकाय नै बनाउनुपर्ने तर्क अगाडि सार्छन्, यस क्षेत्रमा अनुसन्धान गर्ने विज्ञहरू ।

सिमसार क्षेत्रको संरक्षण प्रभावकारी रूपले गर्नका लागि हाल वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु तथा वातावरणसँग सम्बन्धित ऐनसँग एकीकृत गरी अगाडि बढ्न सकेमा मात्र उपयुक्त हुने देखिन्छ । त्यति मात्र नभई आ-आफ्नो सिमसार क्षेत्रको संरक्षणका लागि रणनीति बनाउँदै त्यसलाई प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने खाँचो देखिन्छ । सिमसार क्षेत्रको संरक्षणका लागि विभिन्न निकायको संयोजनकारी भूमिका आवश्यक रहेको सम्बन्धित विभागका लागि विभिन्न अधिकारी बताउँछन् । हाम्रो संविधान, २०७२ ले सुरक्षित र सफा वातावरणलाई मौलिक अधिकारका रूपमा उल्लेख गरेको छ । संविधानको अनुसूची ५ मा प्राकृतिक संसाधनको व्यवस्थापन र अन्तर्राष्ट्रिय हिसाबले महत्वपूर्ण सिमसार क्षेत्रको संरक्षणमा केन्द्रीय सरकारको सरोकारको विषयअन्तर्गत राखिएको पाइन्छ । तर, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तालतालैया तथा सिमसार क्षेत्रको संरक्षणको कार्यक्षेत्र स्थानीय सरकारको भनेर उल्लेख गरिएको छ ।

हाल सिमसार क्षेत्रको संरक्षणको कार्य हेर्दा नगन्य मात्रै भएको देखिन्छ । सरकारका सम्बन्धित सरोकारवालाहरू भने सिमसार क्षेत्रको संरक्षण पर्याप्त कार्य भइरहेको दाबी गर्छन् । सन् २००३ र २०१२ मा सिमसार सन्धि राष्ट्रिय नीति ल्याइएको र गत वर्ष मात्रै संघीय संरचनाअन्तर्गत सबै सरकारको भूमिका समावेश गरेर रामसार क्षेत्रको घोषणा र व्यवस्थापन मार्गदर्शन तयार गरिएको, जुन महत्व पूर्ण कार्य हो भन्ने गर्छन् । सिमसार संरक्षणमा स्थानीय तह, प्रदेश र संघ तीनवटै तहका प्रतिनिधि मिलेर थप सुधार र संरक्षणका कार्यमा जोड दिनुपर्ने खाँचो सर्वत्र देखिन्छ । सिमसार क्षेत्रको सुशासनका लागि ६ वटा खम्बालाई आधार मानिएको छ । जसअन्तर्गत संस्था, नीति, सहभागिता, सूचना, प्रविधि र वित्त पर्छन् ।

हामीले सिमसारको संरक्षण कार्य सम्पादन गर्दा धार्मिक तथा सांस्कृतिक महत्वलाई ध्यान दिनुपर्छ, जसले गर्दा हाम्रो वातावरणीय सुधार मात्र नभई आमजनमानसमा यसको गरिमालाई थप जीवन्त वनाउनसमेत सहयोग पु(याउँछ । रामसार सूचीमा नेपालका कोसीटप्पु वन्यजन्तु आरक्ष, घोडाघोडी ताल, जगदीशपुर जलाशय, बीसहजारी ताल, रारा ताल, फोक्सुन्डो ताल, गोसाइँकुण्ड ताल, गोक्यो ताल समूह, माछापोखरी र पोखराका तालहरू गरी जम्मा दसवटा सूचीकृत भएका छन् । ती दसवटा सिमसार क्षेत्रले ओगटेको क्षेत्रफल ६० हजार ५ सय ६१ हेक्टर छ । पोखराका तालहरूअन्तर्गत फेवालगायत अन्य आठवटा ताल वेगनाश, रूपा, मैदी, दिपाङ, खास्टे, कमलपोखरी, न्युरिनी र गुदें पर्छन् ।

रामसार महासन्धिले अन्तर ाष्ट्रिय महत्व बोकेका तथा अति संवेदनशील, संकटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारि स्थितिकीय समुदायलाई अरक्षण प्रदान गर्ने सिमसारलाई रामसार हरूको सूचीमा राख्ने गर्छ । हालसम्म विश्वका २ हजार २ सय ५२ वटा सिमसार रामसारका रूपमा सूचीकृत भएका छन् । हामीले हाम्रो सिमसारलाई ध्यान दिएनौं भने जलचर प्राणीको लोप र वातावरणीय विनाश भई पानीका स्रोतहरूसमेत सुक्ने खतरा देखिन्छ ।

# रोकिएन सहकारीको ठगी

*झापा (प्रस)* । सरकारले दर्ता तथा नियमनको अधिकार स्थानीय तहसम्मलाई हस्तान्तरण गरे पनि सहकारीमा ठगी भने बढेको छ । प्रदेश तथा स्थानीय सरकारमार्फत प्रभावकारी अनुगमन तथा नियमन नहुँदा सहकारीको कारोबार झनै असुरक्षित भएको हो ।

संविधानको व्यवस्थाअनुसार एक स्थानीय तहभित्र कार्यक्षेत्र रहेका सहकारीको दर्ता तथा नियमन सोही स्थानीय तहले गर्नेछ । एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र रहेका सहकारीलाई प्रदेश सरकारले र अन्तर प्रदेश कार्यक्षेत्र रहेका सहकारीहरूलाई संघिय सरकारले दर्ता तथा नियमन गर्ने व्यवस्था छ । यही व्यवस्थाअनुसार संघीय सहकारी विभागले दुई वर्षअघि नै कार्यक्षेत्र अनुसार सहकारीको अभिलेख स्थानीय र प्रदेश सरकारलाई हस्तान्तरण गरिसकेको छ । स्थानीय र प्रदेश सरकारहरूले सहकारीको प्रभावकारी अनुगमन गर्न नसक्दा सहकारीमा झनै जोखिम बढेको हो ।

सरकारले अभिलेख हस्तान्तरण गरिसकेपछि आधा दर्जन सहकारीहरू समस्यामा परिसकेका छन् । तीमध्ये अधिकांश सहरी क्षेत्रमा संचालित सहकारीहरू रहेका छन् । स्थानीय तहको नियमन अधिकारभित्र रहेकामध्ये काभ्रेका विनायक बचत तथा ऋण र अखण्ड बचत तथा ऋण सहकारीले सदस्यको बचत फिर्ता गर्न सकेका छैनन् । विनायकले सर्वसाधारणको एक करोड ७५ लाख र अखण्डले २ करोड ७५ लाख फिर्ता गर्न बाँकी रहेको छ । यसैगरी काठमाडौंको सिभिल सहकारी, नेपालगञ्जको सहकारी वित्तीय संस्थाले पनि बचत फिर्ता गर्न सकेका छैनन् । सिभिलमा सर्वसाधारणको ८ अर्व र सहकारी वित्तीय संस्थामा २५ करोड जोखिममा परेको छ । यसैगरी काठमाडौंकै बूढानिलकण्ठमा रहेको नयाँ सन्देश बचत तथा ऋण सहकारीमा रहेको २४ करोड, चन्द्रागिरी नगरपालिकामा रहेको बन्दना बहुउद्देश्यीय सहकारीमा तीन करोड बचत जोखिममा छ ।
राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलले स्थानीय तथा प्रदेश तहहरूमा सहकारीको व्यवस्थापनका लागि पर्याप्त जनशक्ति र पूर्वाधार नभएको स्विकार गर्छन् । 'स्थानीय र प्रदेश तहमा सहकारीलाई अनुगमन गर्ने पर्याप्त दक्ष जनशक्तिको अभाव छ' उनले भने, 'सहकारीलाई व्यवस्थित गर्न सबै तह गम्भीर बन्नुपर्छ ।'
संघीय सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डे सदस्यको बचत लिएर सहकारी सञ्चालक सहकारी फरार भएको घटना बढ्न थालेको बताउँछन् । 'सहकारीले पैसा फिर्ता नदिएको भन्दै विभागमा उजुरी बढ्न थालेको छ' उनले भने, 'यसबारे नियामक निकाय गम्भीर बन्नुपर्ने देखिएको छ ।' कोरोनाको महामारीका कारण केही सहकारीमा तरलताको अभाव भइ बचत फिर्ता गर्नका लागि समस्या देखिन थालेको छ । काठमाडौं उपत्यकालगायत सहरी क्षेत्रमा दैनिक बचत संकलन गर्ने र तरलताको व्यवस्थापन नगरी लगानी गर्ने संस्थाहरूलाई समस्या हुन थालेको हो ।

तरलताको समस्या समाधान गर्ने सहकारीलाई सहयोग गर्ने भनेर नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) र राष्ट्रिय सहकारी बैंकका साथै जिल्लाका संघहरूले छुट्टाछुट्टै कोष निर्माण गरेपछि त्यसको प्रभावकारी उपयोग हुन सकेको छैन । कोरोनाको महामारीभन्दा अगाडिदेखि नै संस्थागत सुशासनको समस्या भएका सहकारीहरूलाई ती केन्द्रीय निकायहरूले समेत कर्जा प्रवाह गर्न आनाकानी गरेका छन् ।

**व्यवस्थापन समितिको बेवास्ता**

सहकारी संस्था समस्याग्रस्त हुने क्रम बढेपनि यसलाई व्यवस्थापन गर्नका लागि गठित समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले भने बेवास्ता गरेको छ । स्थानीय तथा प्रदेश तह मातहत रहेका सहकारीहरूको व्यवस्थापन सोहि तहले गर्नुपर्ने भन्दै समिति पन्छिदै आएको छ । केही समयअघि बुढानिलकण्ठ नगरपालिकाले आफू मातहत रहेको नयाँ सन्देश बचत तथा ऋण सहकारीको सम्पति तथा दायित्व फरफारक गर्नका लागि संघीय सहकारी विभाग हुँदै समितिमा अनुरोध गरे पनि समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत नरहेको भनी फाइल फिर्ता गरेको छ । व्यवस्थापन समितिलाई संघीय सरकारले ओरेन्टलसहित एक दर्जन सहकारी जिम्मा लगाए पनि तीन वर्षको अवधिमा एउटा सहकारीको पनि दायित्व फरफारक हुन सकेको छैन । सर्वोच्च अदालतको आदेशका कारण ओरेन्टल सहकारीको दायित्व फरफारक गर्ने काम समेत रोकिएको छ ।

# सीटीईभीटीमा भर्नाका लागि कुन विषय पढ्न कति जीपिए ?



*झापा (प्रस)* । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटीईभिटी)ले डिप्लोमा तथा प्रमाणपत्र तहमा भर्ना आव्हान गरेको छ । १५ असोजभित्र आवेदन दिईसक्नुपर्ने सिटीईभिटीले जनाएको छ ।
नोवेल कोरोना भाइरस (कोभिड(१९) महामारी लक्षित निषेधाज्ञा र लकडाउनका कारण यो वर्ष सबै आवेदन अनलाइनबाटै दिन सकिने व्यवस्था मिलाईएको सिटीईभिटीका प्रवक्ता अनोज भट्टराईले जानकारी दिए । प्रमाणपत्र तह वा डिप्लोमा अध्ययनका लागि आवेदन दिन माध्यमिक शिक्षा परीक्षा (एसईई) वा एसएलसी उत्तीर्ण गरेको हुनुपर्दछ । तर कोर्स अनुसार न्यूनत्तम प्राप्तांक भने फरक फरक तोकिएका छन् ।

**कुन विषय पढ्न कति जीपिए ?**

प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, डेन्टल साइन्स, डेन्टल हाइजिन, डाइनोस्टिक रेडियोग्राफी, सामान्य चिकित्सा आयुवेर्दा, अप्थाल्मिक विज्ञान, फिजियोथेरापी र डिप्लोमा इन फार्मेसीका लागि एसईईमा गणित, अंग्रेजी र विज्ञानमा न्यूनतम 'सी' सहित जिपिए २ ल्याएको हुनुपर्दछ ।
डिप्लोमा तहमा सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, इलेक्ट्रोनिक्स इन्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ, जिओमेटिक्स इन्जिनियरिङ, आर्कीटेक्चर इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ, अटोमोवाइल इन्जिनियरिङ, इन्फरमेसन टेक्नोलोजी, कम्प्युटर इन्जिनियरिङ, रेफ एण्ड एसी इन्जिनियरिङ, हाइड्रोपावर इन्जिनियरिङ र मेकाट्रोनिक्स इन्जिनियरिङका लागि भने एसएलसी वा एसईईमा कम्तीमा गणित र विज्ञानमा 'सी' र अंग्रेजीमा 'डी' ग्रेड ल्याउनु पर्दछ ।
डिप्लोमा तहकै एग्रिकल्चर (बाली विज्ञान वा पशु विज्ञान), फुड एण्ड डेरी टेक्नोलोजी र फरेस्ट्रीका लागि भने एसईई वा एसएलसीमा न्यूनतम अंग्रेजी, गणित र विज्ञानमध्ये कुनै दुईमा 'सी' र अर्को एक विषयमा 'डी' ग्रेड ल्याए पुग्छ । होटल म्यानेजमेन्ट, इन्टरपेनरसीप डेभलपमेन्ट र सोसियल वर्करमा डिप्लो गर्नका लागि एसईई वा एसएलसीमा न्यूनतम अंग्रेजी, गणित र विज्ञानमा न्यूनतम 'डी' ग्रेड ल्याउनु पर्दछ ।
प्रमाणपत्र तह वा डिप्लोमा माथि उल्लेखित सबै कोर्सका लागि अक्षरांकन पद्धति लागू नभएको एसईई वा एसएलसीको हकमा न्यूनतम ४५ प्रतिशत अंक तथा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन हुने प्राविधिक एसएलसी गर्नेहरूले भने क्रमशः कुल पूर्णाङ्कको ६८.३३ प्रतिशत वा ६६.६७ प्रतिशत ल्याउनु पर्ने सिटीईभिटीले जनाएको छ । सातवटै प्रदेशका लागि सबै कोर्समा गरेर ३ हजार ६७ विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने सिटीईभिटीका प्रवक्ता भट्टराई बताउँछन् ।


## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा, नेपाल
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

### धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने १५ दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

(पुन: प्रकाशित मिति: वि.सं. २०७७-०५-२७)

यस बैंकको तपसिलमा उल्लेखित ऋणी व्यक्तिगत जमानीकर्ताहरुले म्याद भित्र कर्जा चूक्ता भूक्तान नगरि नगराई लिखित तथा मौखिक तरताकेता र पत्र पत्रिकाद्धारा कर्जा चूक्ता गर्न आउने १५ दिने सार्वजानिक सुचना प्रकाशित गर्दा समेत कर्जा चूक्ता भूक्तान गर्ने गराउने तर्फ कूनै चासो नदेखाएकोले धितो सूरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्ययमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असूल उपर गर्न यो १५ दिने सुचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । बोलपत्र फारम रु. १००।- तिरि यस बैंकको मुख्य कार्यालय, बिर्तामोड, झापा र शाखा कार्यालयहरुबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश भएको १५ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **शाखा कार्यलय दमकबाट** खोलिने हूदा बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असूलउपर हून नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसुचिमा समावेश गरी असूल उपर हून बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको र वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असूल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफ्नो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ । बोलपत्र सम्वन्धि अन्य शर्तहरु तपसिल तथा बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

तपसिल

| क्र. सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण | कर्जा शिर्षक | ऋणी/ ऋणी फर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | ठेगाना | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|---|
| १. | ऋणी: घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर झापामा दर्ता ५०२/३०७३ कायम रहेको **श्री पाथिभरा ट्रेडर्स**का तर्फवाट ऐ.का प्रोप्राईटर लक्ष्मी प्रसाद न्यौपानेको नाती बेलास न्यौपानेको छोरा मोरङ्ग जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं.३ स्थायी ठेगाना भै हाल झापा जिल्ला, अनारमनी, गा.वि.स. वडा नं. ४ बस्ने **श्री खगेन्द्र शर्मा न्यौपाने** ।<br>व्यक्तिगत जमानीकर्ता :<br>**श्रीमती वालीका निरौला**<br>बाबु : कृष्ण प्रसाद निरौला<br>पति : खगेन्द्र शर्मा न्यौपाने | चालपुंजी कर्जा | <br>श्री खगेन्द्र शर्मा न्यौपाने<br><br>श्रीमती वालीका निरौला | झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं.४, बिर्तामोड<br>झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं.४, बिर्तामोड | **श्री खगेन्द्र शर्मा न्यौपाने** को नाममा मा.पो.का., दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, लखनपुर गा.वि.स वडा नं. ४/प स्थित कि.नं. ४६९८ को क्षेत्रफल बिगाहामा ०-२-४ को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |



प्रतिदिन वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिशोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ ।
**वृष** : बिछोडिएका परिवारजनसँग भेटघाट ,जमघटका बीच स्वादिष्ट भोजन लिने अवसर जुट्नेछ ।
**मिथुन** : अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।
**कर्कट** : आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ।
**सिंह** : प्रतिष्ठित काम गेरर धेरैको मन लोभ्याउन सकिनेछ। समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ।
**कन्या** : अरूका लागि बुद्धि खर्चनुपर्ला। आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन्।
**तुला** : प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ।
**वृश्चिक** : मित्रता र प्रेमको बन्धन कसिनेछ। सोखले जोखिम बढाउन सक्छ।
**धनु** : मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।
**मकर** : छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला।
**कुम्भ** : अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा सामान्य लाभ हुनेछ।
**मीन** : साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ।